म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१७ अङ्क:- १३० २०८२ चैत १९ गते बिहीबार 2 April 2026, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माफ्र्त हामीले चैत ३ गतेबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं। छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं। छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं। **सम्पादक।**

### आजबाट एसईई सुरू हुँदै

## उत्तरपुस्तिका विद्यालयमै परीक्षण हुने



गत माघमा भएको एसईई अभ्यास परीक्षामा सहभागी विद्यार्थीहरु। फाइल तस्वीर।

समाज संवाददाता

हेटौंडा : आज बिहिबारबाट माध्यमिक शिक्षा परीक्षा (एसइइ) सुरु हुँदैछ। परीक्षा बिहान ८ बजेबाट सुरु हुनेछ। यस वर्ष मकवानपुरमा ७ हजार १ सय ९२ जना विद्यार्थीहरु एसईईमा सामेल हुँदैछन्। मकवानपुरका सामुदायिक तथा संस्थागत गरी कुल १ सय ४२ वटा विद्यालयका विद्यार्थीहरु परीक्षामा सहभागी हुनेछन्। जिल्लामा रहेका ३७ वटा संस्थागत र १ सय ५ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरु एसईईमा सहभागी हुँदैछन्। नियमित तर्फ ५ हजार ५ सय २७ जना र ग्रेडवृद्धितर्फ १ हजार ६ सय ६५ जना विद्यार्थीले परीक्षा फारम भरेका छन्।

१० वटा विद्यालयका विद्यार्थीहरु प्राविधिक धारको विषयमा एसईईमा सहभागी हुँदैछन् भने २ वटा विद्यालयका विद्यार्थीहरु पूर्ण प्राविधिक धारको विषयमा मात्र परीक्षामा सामेल हुने शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ। इन्द्रसरोवर गाउँपालिकाको कालिका माध्यमिक विद्यालय र मकवानपुरगढी गाउँपालिकाको बंशगोपाल माविबाट प्राविधिक विषय अन्तर्गत कृषि विषयमा मात्र विद्यार्थीहरु परीक्षामा सामेल हुने शिक्षा विकास तथा समन्वय इकाइकी सूचना अधिकारी उन्नति ढकालले जानकारी दिनुभयो। प्राविधिक धारमा कुल १० विद्यालयका २ सय ६३ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन्। जसमध्ये १ सय ७५ जना नियमित तथा ८८ जना ग्रेडवृद्धिका लागि परीक्षा दिँदैछन्।

एसईईका लागि जिल्लामा कुल २८ वटा विद्यालयहरुमा परीक्षा केन्द्र तोकिएका छन्। हेटौंडा उपमहानगर पालिकामा १५ वटा परीक्षा केन्द्रहरु तोकिएका छन्। थाहा नगरपालिकामा ३ वटा, मनहरी र बकैया गाँउपालिमा दुइ/दुइ वटा परीक्षा केन्द्रहरु तोकिएका छन्। बाँकी स्थानीयहरुमा एक/एक वटा परीक्षा केन्द्रहरु तोकिएका छन्। यि परीक्षा केन्द्रहरु मध्ये २ वटा संस्थागत विद्यालयमा र बाँकी २६ परीक्षा केन्द्रहरु भने सामुदायिक विद्यालयमा तोकिएका छन्।

यसपटकको एसईईको उत्तरपुस्तिकाको परीक्षण स्थानीय तहमै हुने तयारी गरिएको छ। शिक्षा विकास तथा समन्वय इकाइले एसईईको उत्तरपुस्तिका परीक्षा सम्पन्न भएपछि सोही दिनदेखि नै परीक्षण गर्ने राष्ट्रिय परीक्षा बोर्डको तयारी रहेकोले परीक्षा केन्द्रको केन्द्राध्यक्ष तथा विषयगत शिक्षकहरुलाई तयारी रहन आग्रह समेत गरिसकेको छ। एसईई उत्तरपुस्तिका परीक्षणसम्बन्धी कार्यविधि बुधबार सार्वजनिक भइसकेको छ। शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख सुदीप गिरीले कार्यबिधीमा उल्लेख भएबमोजिम निर्देशन दिइने बताउनुभयो।

## मोटरसाइकल दुर्घटनामा विद्यार्थीको मृत्यु

समाज संवाददाता

हेटौंडा : पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-९, गुम्बाचोकमा दुई वटा मोटरसाइकल एक आपसमा ठोकिँदा एक जनाको मृत्यु भएको छ। बुधबार बिहान ११ बजेर २५ मिनेटको समयमा हेटौंडाबाट रातोमाटेतर्फ जाँदै गरेको प्र ३-०२-००७ प ७६८३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको ना ४४ प ९३५४ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

दुर्घटनामा ७६८३ नम्बरको मोटरसाइकलको पछाडि सवार हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा अध्ययनरत हेटौंडा-९, एचआइडीकी १८ वर्षीया एकता वैद्य अर्को ट्रकमा ठोक्किन गई घटनास्थलमै मृत्यु भएको थियो। दुर्घटनामा ७६८३ नम्बरको मोटरसाइकल चालक हेटौंडा-४, कर्राका १९ वर्षीय रोनिक कार्कीको दुबै खुट्टामा सामान्य चोट लागेको छ भने ९३५४ नम्बर मोटरसाइकल चालक चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-५, बदेलटारका २१ वर्षीय पुष्पलाल गुरुङ मध्यम घाइते भएका छन्। घाइते दुबैको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ। ट्रक चालक बाँके जिल्लाको कोहलपुर नगर पालिका-१४ का ३३ वर्षीय बद्री कडरिया जिल्ला प्रहरी कार्यालय मकवानपुरको नियन्त्रणमा रहेका छन्। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

### बागमतीमा नीति तथा कार्यक्रमको तयारी

## 'भद्रगोल' अन्त्य गर्न 'कन्सेप्ट पेपर' अनिवार्य

**प्रस्तावित नीति वा कार्यक्रमको स्पष्ट विवरण, उद्देश्य र त्यो नयाँ वा पुरानो के हो भन्ने खुलाउनुपर्ने, प्रस्ताव गरिएको विषय संविधानको अनुसूची ६, ७ वा ९ मध्ये कुन अधिकार क्षेत्रमा पर्छ भन्ने प्रस्ट कानुनी आधार तय गर्नु पर्ने व्यवस्था गरिएको उनले बताए।**

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम निर्माणको प्रक्रियालाई थप व्यवस्थित र नतिजामुखी बनाउन नयाँ अभ्यास सुरु गरेको जनाएको छ। विगतका वर्षहरुमा नीति तथा कार्यक्रम र बजेटबीच तादात्म्य नहुने तथा योजना छनोट प्रक्रिया 'भद्रगोल' हुने अवस्था व्यवस्थापन गर्न सरकारले अनिवार्य 'कन्सेप्ट पेपर' (अवधारणापत्र) गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेशका सबै मन्त्रालय, लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र नीति तथा योजना आयोगलाई पत्राचार गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा अनिवार्य रुपमा कन्सेप्ट पेपर समावेश गर्न निर्देशन गरेको हो। कार्यालयले आगामी वैशाख ५ गतेभित्र निर्धारित ढाँचामा मस्यौदा पेश गर्न निर्देशनसहित पत्राचार गरेको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकृत श्रीराम पोखरेलका अनुसार यसअघि मन्त्रालयहरुले सिधै मस्यौदा मात्र पठाउने गरेका कारण नीति तथा कार्यक्रममा स्पष्टताको अभाव हुने गरेको थियो। सोही समस्या समाधान गर्न 'कन्सेप्ट पेपर' ढाँचालाई मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले स्वीकृत गरेसँगै कार्यान्वयनमा ल्याइएको उनले बताए।

मन्त्रालयहरुले बुझाउने हरेक प्रस्तावमा विशेषगरी ५ वटा मुख्य विषय खुल्नुपर्ने व्यवस्था गरिएको उनले बताए। प्रस्तावित नीति वा कार्यक्रमको स्पष्ट विवरण, उद्देश्य र त्यो नयाँ वा पुरानो के हो भन्ने खुलाउनुपर्ने, प्रस्ताव गरिएको विषय संविधानको अनुसूची ६, ७ वा ९ मध्ये कुन अधिकार क्षेत्रमा पर्छ भन्ने प्रस्ट कानुनी आधार तय गर्नु पर्ने व्यवस्था गरिएको उनले बताए। उनका अनुसार बजेट सिलिङभित्र रहेर क्रमागत वा नयाँ योजनाको सम्भावित बजेट विवरण, योजना मन्त्रालय, निर्देशनालय वा स्थानीय तहमध्ये कसले कार्यान्वयन गर्ने हो भन्ने स्पष्ट कार्यविधि र कार्यक्रमको सफलता मापन गर्न 'कि पर्फमेन्स इन्डिकेटर' तथा समयसीमा सहितको नतिजा खाका पेश गर्न भनिएको उनले बताए।

'पहिले सिधै मस्यौदा मात्र माग्दा कुन कार्यक्रम किन राखियो र त्यसको स्रोत के हो भन्ने स्पष्ट हुँदैनथ्यो। अहिलेको यो ढाँचाले योजना छनोट प्रक्रियालाई वस्तुपरक र नतिजामुखी बनाउनेछ।' उनले भने, 'कुन कार्यक्रमले के नतिजा दिन्छ भन्ने कुरा पहिल्यै प्रस्ट हुने भएकाले कार्यान्वयनमा सहजता आउनेछ। मन्त्रालयहरुलाई मुख्य विषयहरु समेत खोलेर कन्सेप्ट पेपरमा समावेश गर्न सकेत भनिएको छ।'

सरकारले मस्यौदा तयार गर्दा कार्यविभाजन नियमावली २०८०, प्रदेशको दोस्रो आवधिक योजना, संविधान प्रदत्त एकल तथा साझा अधिकारको सूची, र सरकारले विभिन्न समयमा गरेका निर्णयहरुलाई मुख्य ७ आधार मान्न निर्देशन दिएको उनले बताए। सरकारले योजना छनोटमा मापदण्ड अपनाउँदै 'रिजल्ट फ्रेमवर्क' लाई अनिवार्य गरेको उनले बताए। उनका अनुसार मन्त्रालयहरुले तयार पारेको मस्यौदालाई भौतिक रुपमा र इमेलमार्फत समेत पठाउन सकिने व्यवस्था मिलाइएको छ। बागमती प्रदेशले सुरु गरेको नयाँ प्रशासनिक सुधारले आगामी वर्षको नीति तथा कार्यक्रम थप प्रभावकारी र कार्यान्वयन योग्य हुने विश्वास लिइएको उनले बताए।

### 'शिव सर्किट' परियोजना

## मन्त्री फेरिएसँगै योजना कार्यान्वयन सुस्त

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले निकै महत्वका साथ अघि सारेको 'शिव सर्किट परियोजना' कार्यान्वयनको चरणमा पुग्नुअघि नै सरकारी सुस्तताको शिकार बनेको छ। प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले धार्मिक पर्यटनको विकास गर्ने उद्देश्यका साथ अघि सारेको सो परियोजनाको कार्यान्वयन पाटो फितलो देखिएको हो।

तत्कालिन सरकारले प्रदेशको रुपान्तरणकारी योजनाको रुपमा अघि सारेको उक्त कार्यक्रम मन्त्री फेरिएसंगै सुस्ताएको हो। तत्कालिन मन्त्री अमनकुमार मास्केले धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य अनुसार बागमती प्रदेश भित्रका ६४ वटा शिव लिंगहरुलाई परिक्रमा गर्न सकने गरी भौतिक पूर्वाधार निर्माणको योजना तयार गरेका थिए। आर्थिक वर्ष २०८१/०८२ मा तयार गरिएको उक्त कार्यक्रममा मन्त्री मास्केले पूर्व सम्भाव्यता अध्ययनसम्मको काम गर्न भ्याए। सो पश्चात नीति कार्यक्रम र बजेटमा सो कार्यक्रम समावेश गरे। तर, कार्यान्वयनको चरणमा उनी मन्त्री रहेनन्। २०८२ साउन २० मा सरकार परिवर्तन भयो। मन्त्री फेरिए।

तत्कालिन समयमा कांग्रेस एमालेको गठबन्धनको सरकारमा एमालेबाट उनी मन्त्री बनेका थिए। हाल प्रदेशमा सोही गठबन्धनबाट एमालेका डा. दिनेशचन्द्र देवकोटा मन्त्री छन्। दल एकै भएपनि उक्त कार्यक्रम कार्यान्वयनमा भने एकरुपता देखिएको छैन। तत्कालिन मन्त्री मास्के हाल प्रदेशसभा सदस्यबाट राजीनामा गरेर संघीय निर्वाचनमा प्रतिस्पर्धामा थिए। उनी पराजित भइसकेका छन्।

मास्केको जोडबलमा चालु आर्थिक वर्षको बजेटमा उक्त कार्यक्रम कार्यान्वयन गर्न ५ करोड ९२ लाख रुपैयाँ बजेट विनियोजन भएको छ। डिपिआर र अध्ययनका लागि २५ लाख रुपैयाँ मन्त्रालयमा बजेट विनियोजन गरिएको छ भने निर्माणमा लागि मात्र ५ करोड ६७ लाख रुपैयाँ ३ वटा कार्यालयका लागि विनियोजना भएको भौतिक पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी बासुदेव दाहालले जानकारी दिए। सो योजना निर्माणका लागि ३ वटा कार्यालयलाई बजेट र जिम्मेवारी तोके पनि हालसम्म कुनैले पनि काम सुरु गरेका छैनन्। परियोजनाको अध्ययन र डिपिआर निर्माणका लागि विनियोजित बजेट खर्च गर्ने र काम अघि बढाउने सवालमा मन्त्रालयले काम थाले पनि जिल्ला कार्यालयको बजेट कार्यान्वयनको वालमा भने अघि नबढेको उनले बताए।

उनका अनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा यो परियोजनाको अध्ययन कार्य थालिएको थियो भने चालु आर्थिक वर्षमा सो कार्यका लागि २५ लाख रुपैयाँ विनियोजन गरिएको थियो। उक्त बजेटबाट क्लिन डेभलपमेन्ट प्रालिले १६ लाख ८८ हजार रुपैयाँमा सम्झौता गरेर अध्ययनको काम गरिरहेको उनले बताए। पहिलो चरणमा सिन्धुलीको दुम्जा स्थित कुशेश्वरको डिपिआरको ड्राफ्ट तयार भई मन्त्रायमा प्रस्तुतीकरण भएको छ। उक्त डिपिआरमा प्राप्त सुझाव समावेश गरी पूर्णता दिएर मन्त्रालयमा प्राप्त भएपछि निर्माणको चरणमा अघि बढ्न सकिने उनले बताए।

सो बाहेक उक्त कार्यक्रमका लागि जिल्लास्थित कार्यालयमार्फत खर्च गर्ने गरी प्रत्येकलाई १ करोड ८९ लाख रुपैयाँ बजेट विनियोजन गरिएकामा हालसम्म खर्च नभएको उनले बताए। शहरी विकास तथा भवन कार्यालय, सिन्धुलीबाट सिन्धुली खण्ड, शहरी विकास तथा भवन कार्यालय काठमाडौंबाट काठमाडौं खण्ड र शहरी विकास तथा भवन कार्यालय काभ्रेबाट काभ्रे खण्डको निर्माण थाल्ने गरी बजेट विनियोजन गरिएको थियो। अध्ययनको क्रममा नै रहेको उक्त परियोजना निर्माणका लागि ठेक्का आह्वान गर्न अझै केही समय लाग्ने देखिन्छ। मन्त्रालयका सूचना अधिकारी दाहालका अनुसार सिन्धुलीको डिपिआर सके लगत्तै ठेक्का आह्वान गर्न सक्ने अवस्था रहेको छ। यद्यपी डिपिआरको काम अझै जारी रहेको छ।

अन्य २ जिल्लाको बजेट कार्यान्वनय तथा निर्माण कार्यको सवालमा भने मन्त्रालयले निर्णय लिन सक्ने उनले बताए। मन्त्रालयले सिन्धुलीको डिपिआरलाई आधार मानेर ठेक्का आह्वान गर्न सक्ने उनले बताए। ठेक्का आह्वान भएको खण्डमा उक्त परियोजना निर्माणको चरणमा अघि बढ्ने उनको भनाई छ।

के हो शिव सर्किट परियोजना? तत्कालिन मन्त्री मास्केले 'शिव सर्किट' लाई प्रदेशको समृद्धिको आधार र धार्मिक पर्यटनको केन्द्र बनाउने उद्घोषसहित बजेट विनियोजन गरेका थिए। मास्केले सो परियोजनाले प्रदेशका १० वटा जिल्लालाई जोड्ने र भारतीय पर्यटक भित्र्याउने योजनासहित निर्माणको तदारुखता देखाएका थिए।

सिन्धुलीको कुशेश्वरबाट सुरु भई पशुपतिनाथमा टुंग्याउने उक्त शवि सर्किट परियोजनाले १५औं शताब्दीदेखिको हस्तलिखित ग्रन्थ 'हिमवत्खण्ड' मा आधारित ६४ शिवलिंगहरुलाई समेट्ने लक्ष्य राखेको थियो। सिन्धुलीको कुशेश्वर क्षेत्रबाट सुरु भई पशुपतिनाथमा टुंगिने पदमार्गमा शिवलिंग मात्र नभई, तपोभूमि, नदी तथा तीर्थस्थल पनि समेटिएका छन्।

मन्त्री मास्केले धार्मिक पदयात्रा परम्परालाई पुनर्जीवन दिँदै पर्यावरणमैत्री विकासको विकल्पमा आधारित हुने गरी सो परियोजना अघि बढाएको बताए। शिव सर्किट परियोजना स्थानीय स्रोत, सीप र प्रविधिको अधिकतम उपयोगसहित स्थानीय समुदायलाई सहभागी गराएर कार्यान्वयन गरिने योजनामा आधारित रहेको उनको भनाई छ। सो परियोजनाले रोजगारी सिर्जना, उत्पादन र बजार विकास, सीप हस्तान्तरण लगायत क्षेत्रमा योगदान हुन सक्ने उनले बताए।



## सम्पादकीय

# परीक्षामा अनुपस्थित ३८८ विद्यार्थी

मकवानपुर जिल्लाका १० स्थानीय तहमा सञ्चालन भएको आधारभूत तहको वार्षिक परीक्षा सम्पन्न भएको छ । चैत ८ गतेदेखि सुरु भएको परीक्षा सोमबार सबै पालिकामा सकिएको छ । कक्षा ८ बाहेक अन्य सबै तहका परीक्षाहरु एकै पटक भएको मकवानपुरका पालिकाहरु परिक्षार्थी अनुपस्थितिको दर उच्च देखिन्छ । कक्षा ८ को परीक्षा पालिकास्तरीय हुने भएकाले सम्बन्धित स्थानीय तहका विद्यालयहरुमा एकै पटक संचालन भएको थियो । मकवानपुरका ९ वटा स्थानीय तहमा कक्षा ८ को परीक्षामा ३३८ जना विद्यार्थी परीक्षामा अनुपस्थित भएका छन् भने १ देखि ९ कक्षासम्मका परीक्षामा पनि उल्लेखनीय अनुपस्थिति पाइएको तथ्यांकले देखाएको छ ।

९ वटा पालिकाको परीक्षार्थीहरुको अनुपस्थिति दरले शैक्षिक संस्थाहरुको निरन्तरता र विद्यार्थीको नियमित उपस्थिति बारे प्रश्न खडा गरेको छ । ९ स्थानीय तहको कक्षा ८ को परीक्षामा विद्यार्थी अनुपस्थित हुनेमध्ये सबैभन्दा बढी मकवानपुरगढी गाउँपालिकाको रहेको छ । सो पालिकामा कक्षा ८ मा ८० जना विद्यार्थीहरु सहभागी भएनन् । इन्द्रसरोवर गाउँपालिकामा १ जना विद्यार्थी मात्र कक्षा ८ को परीक्षामा अनुपस्थित भए । बागमती, बकैया, राक्सिराङ, मनहरी, थाहा, कैलाश लगायतका पालिकाहरुमा पनि अनुपस्थित विद्यार्थीको संख्या फरक-फरक देखिएको छ ।

हेटौंडा उपमहानगरपालिकाले भने परीक्षा व्यवस्थापन विद्यालयस्तरमै भइरहेको जनाएको छ । शैक्षिक व्यवस्थापनमा विकेन्द्रीकरणको अभ्यास गरेको हेटौंडाले विद्यार्थी तथा विद्यालयको गुणस्तरका तथ्यांक समेत तयार गर्न सकेको देखिँदैन । जसले जिल्लागत शैक्षिक विवरण संकलनमा कठिनाई देखिएको छ । स्थानीय तहसँग शैक्षिक तथ्यांक नहुँदा आगामी योजना निर्माण, बजेट कार्यक्रम र शैक्षिक गुणस्तर व्यवस्थापन तथा सुधारको आधार के हुने भन्ने प्रश्न खडा हुन्छ ।

पालिकाहरुले फरक-फरक समयमा परीक्षा संचालन गर्ने परिपाटीका कारण सबै पालिकाबाट एकरुप र पूर्ण तथ्यांक संकलन नहुनु नीति निर्माण तथा योजना कार्यान्वयनमा चुनौती देखिएको छ । विद्यालयहरुले परीक्षा सम्पन्न गरी नतिजा प्रकाशनको तयारीमा जुटेका छन् । सबै स्थानीय तहले चैत महिनाभित्रै नतिजा सार्वजनिक गर्ने तयारी गरेको अवस्था छ । बकैया गाउँपालिकाले २७ गते, कैलाशले २२ गतेभित्र तथा अन्य पालिकाले पनि चैत महिनाभित्र नतिजा निकाल्ने तयारी गरिएको छ ।

उक्त अवस्थाका बीच पालिकाका शिक्षा शाखा प्रमुखका अनुसार विद्यार्थी विद्यालय परिवर्तन गर्ने, बीचमै पढाइ छाड्ने तथा अन्य व्यक्तिगत कारणले परीक्षामा अनुपस्थित हुने गरेको देखिन्छ । प्रस्तुत विवरण अनुसार विद्यार्थीहरुको पठनपाठन प्रतिको लगाव कम हुनुको कारण बारे न पालिका जिम्मेवार देखिन्छ , न नै सम्बन्धित विद्यालय । विद्यार्थीले शैक्षिक सत्रको बीचमै विद्यालय छाड्ने (ड्रपआउट) दर निरन्तर उच्च भइरहँदा पालिकाहरुले विद्यालय छाड्ने दर न्यूनीकरण गर्ने, विद्यार्थीलाई टिकाई राख्ने योजना बनाउनु जरुरी देखिन्छ । समग्रमा, परीक्षा सफलतापूर्वक सम्पन्न भए पनि विद्यार्थी अनुपस्थितिको दरले शिक्षा प्रणालीमा निरन्तरता, निगरानी र विद्यार्थी टिकाउपन सम्बन्धी चुनौति अझै विद्यमान रहेको संकेत गर्छ । स्थानीय तहहरूले अब नतिजा सार्वजनिकसँगै यस्ता समस्याको कारण पहिचान गरी सुधारात्मक कदम चाल्नु आवश्यक देखिन्छ ।

विद्यार्थी अनुपस्थितिको दरले विद्यार्थी टिकाइ सम्बन्धी प्रश्न उठारहेको अवस्थामा विद्यालयमा भर्ना भएका विद्यार्थी बीचमै पढाइ छाड्ने वा अन्यत्र स्थानान्तरण हुने प्रवृत्ति रोक्न स्थानीय तह र विद्यालयहरूले विशेष ध्यान दिनु आवश्यक छ । नियमित अनुगमन, अभिभावकसँग निरन्तर समन्वय, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम विस्तार र विद्यालय वातावरण सुधारजस्ता उपायहरूले विद्यार्थी टिकाउन सहयोग पुर्‍याउन सक्नुपर्छ । शिक्षा केवल परीक्षा पास गर्ने प्रक्रिया मात्र नभई दीर्घकालीन सिकाई र भविष्य निर्माणको आधार हो । त्यसैले विद्यार्थीलाई विद्यालयमै निरन्तर राख्ने वातावरण सिर्जना गर्नु स्थानीय सरकार, विद्यालय प्रशासन र समुदायको साझा दायित्व हो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ । |
| वृष | : दान धर्ममा केही रकम खर्च हुने समय योग छ । |
| मिथुन | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| कर्कट | : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ । |
| सिंह | : धार्मिक कृत्य र परोपकारमा मन जाने समय योग छ । |
| कन्या | : पदीय दायित्वमा वृद्धि हुने समय योग छ । |
| तुला | : प्रतिस्पर्धाका काममा सफल भइने समय योग छ । |
| वृश्चिक | : अध्ययन–अध्यापन सोचे अनुरुपै होला । |
| धनु | : घरायसी समस्याले सताउने समय योग छ । |
| मकर | : प्रतिद्वन्द्वी सजिलै हार्ने समय योग छ । |
| कुम्भ | : साहसी र पराक्रमी बनिने समय योग छ । |
| मीन | : असन्तुष्टी र निराशा निराकरण हुँदै जाने योग छ । |

# एसईई लगायतका परीक्षार्थीहरुले यी कुराहरुमा ध्यान दिनु पर्ला कि ?



**रमेश प्रसाद लामिछाने**

सन्दर्भलाई यो वर्षको एसईईसँग जोडिएको छ । सँगै यहिबेला विद्यालय तहका अरु कक्षाका विद्यार्थीहरुको पनि वार्षिक परीक्षा अर्थात निर्णयात्मक परीक्षा संचालन भइरहेको छ । त्यसैगरी लगत्तै कक्षा ११ र १२ को अन्तमा हुने एसएलसी पनि टाढा छैन । विश्वविद्यालय स्तरका र अन्य प्रतिस्पर्धात्मक परीक्षाका परिक्षार्थीहरुका लागि समेत यो आलेख उपयोगी हुने अपेक्षा गरिएको छ । परीक्षा दिने विद्यार्थीहरुलाई नै परीक्षार्थी भनिन्छ । विद्यार्थीहरुका अतिरिक्त रोजगारका लागि सरकारी तथा गैरसरकारी अंगबाट विभिन्न विषय र क्षेत्र सम्बन्धित प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुनेहरु पनि परीक्षार्थी हुन् । परीक्षा भन्ने शब्दबाट नै परीक्षार्थीहरुमा त्रास, डर र हाउगुजीले बास गरिहाल्छ । परीक्षालाई सहज बनाउने र परीक्षार्थीलाई सफल बनाउने क्रममा परीक्षा बोर्ड, शिक्षा प्रशासन, शिक्षक, शिक्षण संस्था, अभिभावक, संचारकर्मी र सरोकार वर्गका आआफ्ना जिम्मेवारी बमोजिमका भूमिका हुन्छन् । यहाँ यी सबैको विस्तृत विवरण अटाउन खोजिएको होईन । परीक्षार्थीले परीक्षा दिने हो । परीक्षाको नतिजा पास फेल पनि उनीहरुका लागि हो । त्यसैले, परीक्षार्थी स्वयम्ले परीक्षामा सफलताका लागि ध्यान दिनैपर्ने कुराहरुलाई यहाँ उल्लेख गरिएको छ ।

### क. परीक्षा पूर्वको तयारी :

१. अध्ययन निरन्तर प्रक्रिया हो । परीक्षाको केहि दिन अघिमात्र किताब पल्टाउने र अब जाँच दिने दिन आयो पढ्नु पर्‍यो भन्ने होईन । सम्बन्धित कक्षाको पढाई सुरु भएपश्चात नै विषयवस्तु अध्ययन गर्ने बानी बसाल्नै पर्दछ ।

२. परीक्षा आयो भन्ने चिन्ता लिने र हरदम किताब पल्टाएर निद्रा मार्ने काम गर्नै हुन्न । शरीर स्वस्थ भएमात्र मष्तिस्क ताजा र क्रियाशील हुन्छ । यसैले, आफ्नो शरीरको सबैभन्दा बढी ख्याल गर्नै पर्छ । आहार अर्थात खानेकुरामा पर्याप्त ध्यान दिनै पर्छ । शरीरलाई पर्याप्त आराम चाहिन्छ । निद्रा अर्को जरुरी पक्ष हो । एक दिनमा विद्यार्थीले कम्तिमा ६ घण्टा निदाउनै पर्छ ।

३. अहिले म विद्यार्थी हुँ । मेरो जिवन लामो छ । मैले आफ्नो भविष्य सुन्दर र उज्वल बनाउनु पर्छ । मबाट बेठीक र गलत हुनै हुँदैन । मैले आफूलाई कमजोर होइन, सुदृढ बनाएर उच्च मनोबलका साथ अध्ययन गरी लक्ष्यमा पुग्नै पर्छ ।

४. दैनिक तालिका बनाएर सो अनुसार क्रियाशील बन्नै पर्छ । बिहान ब्युँझिएदेखि राती सुत्ने बेलासम्मको समय तालिका देखिने गरी कार्यान्वयनमा ल्याउनै पर्छ । अध्ययनको विषयगत जटिलताका आधारमा समय दिनुपर्छ । उदाहरणका लागि गणितलाई २ घण्टा समय दिँदा नेपालीलाई १ घण्टामात्र दिए पुग्छ । बिहान आवाज निकालेर पढ्ने बानी राम्रो हुन्छ ।

५. जाँचमा सोधिरहने खालका प्रश्नहरुको जवाफ लेख्ने र सो सम्बन्धित विषय शिक्षकलाई देखाउने अभ्यास गरिरहनु राम्रो मानिन्छ । विषय विज्ञहरुबाट हुने पृष्ठपोषणले परीक्षामा विशेष महत्व राख्दछ ।

६. पढ्दा खास-खास शिर्षक छानेर सतही र छिपछिपे अध्ययन हैन । विषयवस्तुको विस्तृत अध्ययन गर्ने र प्रत्येक दिन पुनःस्मरण गर्ने बानी बसाल्नु पर्दछ । अघिल्लो पाठ दोहोर्‍याएर मात्र नयाँ शिर्षक सुरु गर्नु उपयुक्त हुन्छ ।

७. साथीहरुसँगको छलफलले नयाँ कुरा सिकिन्छ । प्रत्येक दिन कम्तिमा २ घण्टा छलफलका लागि छुट्याउनु राम्रो हुन्छ । छलफलमा विषय र शिर्षक तोकेर समूहका साथीहरु बीचको आपसी सहकार्य र छलफलले विषयवस्तुको गहिराईमा पुग्न सहज बनाउँछ ।

८. सम्बन्धित विषयमा पढ्दै गर्दा प्रश्नहरु बनाउने र सोहि विषय शिक्षकसँग समय लिएर कक्षामै प्रश्न गर्ने बानी हुनै पर्दछ । साथीले सोधेका प्रश्नहरु आफ्नो पनि उही सवाल हुने भएकाले चनाखो र ध्यानपूर्वक सुन्ने र नोट गर्ने बानी गर्नु राम्रो हुन्छ । एउटै प्रश्न धेरैले सोधेर समय खेर फाल्नु हुँदैन ।

९. वर्तमान प्रविधिको युग हो । हामी समयानुकूल बन्नैपर्छ । मोबाईल फोन र ल्यापटप जस्ता डिभाईसहरुको प्रयोग आवश्यकता अनुसार हुनुपर्छ । सम्बन्धित विषयमा वेभसाइट र एआई समेतको प्रयोग गरी ईन्टरनेटको सदुपयोग गर्नु राम्रो हुन्छ । हामीले प्रविधिको प्रयोग गर्ने हो, प्रविधिले हामीलाई प्रयोग गर्ने हैन ।

१०. परीक्षाको मिति, समय र स्थान बारे सुनिश्चितता गरी ढुक्क भएर तयारीमा जुटिरहनु पर्छ । घरबाट परीक्षाको दूरी यकिन गरी पैदल जाने हो कि सवारी साधन हो, सोको स्पष्ट हुनुपर्छ ।

११. प्रवेशपत्र परीक्षा भन्दा अगाडिकै दिनमा नै लिएर फोटोकपी गरेर एकप्रति घरमै देखिने गरी राख्नु पर्छ । प्रवेशपत्रमा केरमेट गर्ने, कुनै चिनो लगाउने, मैल्याउने र च्यात्ने गर्नु हुँदैन ।

### ख) परीक्षाको दिन :

१. परीक्षालाई डर, त्रास र हाउगुजीको कोणबाट होइन, यो एक अवसर हो भन्ने कोणबाट बुझ्नुपर्छ । अनावश्यक चिन्ता लिएर अघिल्लो दिनदेखि नै नखाने र नसुत्ने जस्ता काम गर्नै हुँदैन । शरीरमा स्फुर्ती देखिनु पर्छ । मनोबल उच्च बनाउनु पर्छ । मेरो परीक्षा अत्यन्त राम्रो हुन्छ भन्ने विश्वास गर्नुपर्छ ।

२. परीक्षा दिन जाँदा तोकिएको युनिफर्ममा जानुपर्छ । साथमा राम्रो सर्ने कलम, जगेडा अर्को कलम, प्रवेशपत्र, विषयगत सामग्रीहरु जस्तो स्केल, कम्पास, पेन्सिल आदि छुटाउनु हुँदैन । प्रवेशपत्रमा लेखिएका कुराहरु पढेर जानु राम्रो हुन्छ ।

३. परीक्षामा चीट बोकेर जाने, मोबाईल फोन बोकेर हलमा जाने, चोर्ने मानसिकता बनाउने जस्ता कामहरु कहिल्यै गर्नु हुँदैन । हलमा प्रवेश गर्नुअघि शौचालय जाने काम गर्दा हुन्छ । अनुशासित परीक्षार्थीको रुपमा परीक्षामा बस्नुपर्छ । परीक्षा अवधिमा दायाँबायाँ अगाडि पछाडि हेर्ने साथीहरुसँग सोध्ने काम पनि गर्नै हुँदैन । यो समयको बर्बादी पनि हो ।

४. हतार नगरी तोकिएको स्थानमा बस्ने र प्रवेशपत्र देखिने गरी अगाडि राख्नु पर्छ । समय हेर्न सँगै साधारण घडि हुनु उपयुक्त हुन्छ । कतिपय परीक्षा हलकै भित्तामा घडि देखिन्छन् । उत्तरपुस्तिका पाएपछि त्यहाँ लेखिएका कुराहरु पढ्दै तोकिएको लाईनमा सिम्बोल नम्बर अंकमा र अक्षरमा प्रष्ट बुझिने गरी केरमेट नगरी लेख्नु पर्छ । विषय, परीक्षा केन्द्र र मिति जस्ता भनिएका सबैकुराहरु सफासँग लेखेर रुजु गर्नु राम्रो हुन्छ । उत्तरपुस्तिकामा कहाँबाट लेख्ने र कति मार्जिन छोड्ने कुरा स्पष्ट पारेको हुन्छ ।

५. प्रश्नपत्र हातमा परेपछि हतार नगरी बिस्तारै एक पटक सबै पढ्दै जानु राम्रो हुन्छ । पढी सकेपछि क्रमैसँग उत्तर लेख्नु पर्छ भन्ने अनिवार्य छैन । सरलबाट जटिलतर्फ अर्थात आफूलाई राम्रो आउने प्रश्न प्रष्ट लेखेर जवाफ सुरु गर्न सकिन्छ ।

६. एक प्रश्नको जवाफ सकिए पश्चात कम्तिमा २ हरफ छाडेर मात्र अर्को उत्तर लेख्न शुरु गर्नुपर्छ । जोडेर लेख्नु राम्रो होईन । परीक्षकले हेर्दा सहजै फरक प्रश्नका फरक जवाफ देखिनु पर्छ । अक्षर सकेसम्म राम्रा, सहजै पढ्न सकिने र पढौं-पढौं लाग्ने हुनुपर्छ । केरमेट र अस्पष्ट अक्षरहरु भएमा परीक्षकले राम्रो मान्दैनन् ।

७. प्रश्नको अंकभारका आधारमा जवाफ लेख्नु पर्छ । सजिलो लाग्दा ५ अंकको प्रश्न पेज भरी लेख्ने अनि अलि कठिन छ भने १० अंकको लाई हाफ पेजमा सक्ने बानी राम्रो होईन । तसर्थ प्रश्नका अंकलाई हेरेर उत्तर दिनु पर्छ । यो समय व्यवस्थापनसँग पनि जोडिएको हुन्छ ।

८. परीक्षामा प्रश्न छाड्नै हुँदैन । विस्तारै सोचेर हतार नगरी सम्झी सम्झी जवाफ लेख्नै पर्छ । हरेक प्रश्नका जवाफ सकेपछि एक पटक सरसर्ती पढेर मात्र अर्को सुरु गर्नु राम्रो हुन्छ । हतार गर्नै पर्दैन । प्रत्येक प्रश्नका लागि आवश्यक समय दिनै पर्छ ।

९. सबै प्रश्नहरु सकिए पश्चात अन्तिम जनाउ घण्टी (वार्निङ वेल) बजेपछि एक पटक सबै उत्तरहरु रुजु गर्नै पर्छ । कुनै प्रश्नहरु पनि छाड्नै हुँदैन । अन्तमा सच्याउने अवसर पनि उपयोग गर्नु राम्रो हुन्छ । परीक्षा हलमा निरीक्षकसँग अनावश्यक बोल्ने र फाल्तु व्यवहार गर्नै हुँदैन ।

१०. उत्तरपुस्तिकालाई राम्रोसँग बुझाएपछि हतार नगरी प्रवेशपत्रसहित आफ्ना सामग्री जतनसँग बोकेर मात्र परीक्षा हलबाट बाहिरिनु राम्रो हुन्छ ।

११. बाहिर आएपछि कुनै प्रश्नको जवाफ बिग्रिएको थाहा भएर खिन्न मान्ने र चिन्तित हुने होईन । गइसकेको सवालमा सोच्ने भन्दा पनि भोलिको विषय तर्फ ध्यान केन्द्रीत गर्नुपर्छ । अन्तमा परिक्षार्थीहरुमा अपेक्षित सफलताको शुभभावना व्यक्त गर्दछु ।

# सांसदको घरबाट बालिका उद्धारपछिको त्यो दिन...



**सोनी भट्टराई**

२८ साउन २०८१ । बिहानको ११:३० बजे ।

काठमाडौं महानगरपालिकाको बालकल्याण अधिकारीको कार्यकक्षमा रहेको सोफामा १४ वर्षीया बालिका असहज अवस्थामा पल्टिरहेकी थिइन् । ती थिइन्, लुम्बिनी प्रदेश सांसद रेखाकुमारी शर्माको घरबाट उद्धार गरिएकी बालिका । सात वर्षकै कलिलो उमेरकी ती बालिकालाई आमा-बाबुबाट छुटाएर रेखाकुमारीले आफ्नो घरमा ल्याएकी थिइन् ।

विपन्न परिवारकी ती बालिकालाई खान-लाउन, राम्रो शिक्षा-दीक्षा दिने प्रलोभनमा पारेर ल्याएकी रेखकुमारीले पढाइ-लेखाइ त परको कुरा, बँधुवा मजदुर जस्तो गरेर शोषण गरिरहेकी थिइन् । सात वर्ष कष्टपूर्ण, नरक जस्तो जीवन भोगेपछि काठमाडौं महानगरपालिकाले १४ वर्षको उमेरमा उनलाई उद्धार गरेको थियो । र, त्यस दिन हामी त्यहाँ जम्मा भएका थियौं ।

म त्यहाँ पुग्दा बालिका पल्टिरहेकी थिइन् । 'कस्तो अफ्ठेरो गरेर सुतेकी रहिछन् । सञ्चो छैन कि उनलाई ?' मैले संरक्षण संस्थाका प्रतिनिलाई सोधें । उनीहरूले मासिक चक्र (पिरियड) चलिरहेकाले निकै पेट दुखेको जानकारी गराए । त्यसपछि मैले ती नानीलाई अर्को सोफामा गएर अलि सहजसँग सुत्न भनें । ती नानी अर्को सोफामा गएर कुक्रुक्क परेर बसिन्, एकैछिनमै निदाइन् ।

मैले उनलाई हेरिरहें । उनलाई उद्धार गर्दाको अवस्थाका चित्र आँखामा आइरहे, मानसपटलमा दौडिरहे । महिनावारी हुँदा सबैले एकनासको अनुभव गर्दैनन् भन्ने मलाई थाहा थियो । मलाई पनि महिनावारीको पहिलो र दोस्रो दिन असाध्यै पेट दुख्थ्यो । ती नानीलाई समेत त्यस्तै गाह्रो हुने रहेछ । म सोच्दै थिएँ- 'त्यतिका दिन अँध्यारो र चिसो कोठाको भुइँमा ती बालिकाले कति कष्टले बिताइन् होला । असह्य पीडाले कति छटपटाउँदी हुन् । तातोपानी दिनेसम्म कोही हुँदैनथ्यो । आमाको माया कस्तो हुन्छ ? कहिल्यै महसुस गर्न पाइनन् ।'

सात वर्षको कलिलो उमेरमा आमाको काख छुटाएर सांसदको घरमा घरेलु बालश्रमिक बन्न आइपुग्नु उनका लागि ठूलो अभिशाप बन्यो । त्यहाँ उनले माया पाउने कुरा त परको भयो, कुटपिट, दुर्व्यवहार र यातना पनि भोग्नुपर्‍यो । एउटी कलिलो उमेरकी बालिकाले भोग्नु परेको यो पीडा सम्झँदा पनि मेरो आङ जिरिङ्ग हुन्छ । त्यो घरको कौसीमा झन्डै ३ महिनादेखि एक्लै बस्दा ती कलिलो उमेरकी बालिकालाई कति डर लाग्यो होला ? आफ्नो बालपन सम्झेर म फेरि त्रसित भएँ ।

त्यसदिन विशेष दिन थियो किनकि सर्वोच्च अदालतले फैसला सुनाउँदै थियो । हामी १० बजे नै अदालत परिसर पुगेका थियौं । तर, सवा दुई बजे मात्रै फैसला आउने खबर पाएपछि हामी महानगरमै फर्किएका थियौं । त्यतिञ्जेलसम्म नानी भुसुक्क निदाएकी थिइन् । अदालतबाट फोन आयो, 'ठ्याक्कै एक बजे आइपुग्नु ।' नानीलाई बिउँझाएर हामी अदालततिर लाग्यौं ।

महानगरपालिकाको टोली साढे २ बजेतिर फेरि फर्कियो । त्यतिबेला महानगरपालिकालाई अदालतले ५ बजे आउनु अनि मात्रै निर्णय सुनाउँछौं भनेर फर्काइएको थियो । हामी फर्कंदा महानगरको टिम दुईवटा घटना व्यवस्थापन (केस म्यानेजमेन्ट) मा लागेको रहेछ । एकजना उद्धार भएका बालबालिकाको पारिवारिक भेटघाट पनि थियो । अदालतबाट फर्कंदा मेरो मुहार मलिन थियो । म अलिकति आत्तिएकी पनि थिएँ । मैले त्यहाँ रहेका टिमका अन्य सदस्यहरूलाई सबै कुराहरू सुनाएँ । अदालतमा भएको माहोल महानगरपालिकाको पक्षमा छैन कि भन्ने मेरो आशय थियो । मेरो यो आशयले हामी सबैलाई चिन्तित बनायो । एकैछिनमा माहोल फरक भइदियो, सबै जना पालैसँग बोल्न थाले । सबैले नानीलाई घर पठाइदिने हो कि ? निर्णय महानगरपालिकाको पक्षमा नआउने पो हो कि ? भन्ने संशय व्यक्त गरे ।

हामी जति कुरा गर्थ्यौं, ती नानी उति टोलाउँथिन् उति डराउँथिन् । अरू बेला हाम्रा कुराहरूमा खासै ध्यान नदिने ती नानी आजको कुराकानी भने निकै ध्यान दिएर सुनिरहेकी थिइन् । धेरैपटक अदालत जाँदा र फर्कंदा शायद उनलाई पनि आज के हुन्छ ? के हुन लागिरहेको छ ? भन्ने जिज्ञासा थियो । चिन्ता थियो । त्यो चिन्ता कुनै न कुनै समयमा अभिव्यक्त भएरै छाड्थ्यो । नभन्दै ती नानी घोप्टो परेर केहीबेर मूर्छा परेर रोइन्, हामीलाई समेत केही समय त्यो परिस्थितिलाई नियन्त्रणमा लिन साह्रै कठिन भयो ।

ती नानीले आँसु बगाइरहँदा हामी सबैका आँखा रसाए । आफ्ना आँखा भरिएका भए पनि हामी उनलाई सान्त्वना दिइरहेका थियौं- 'तिमीलाई आज तिम्रो परिवारले लिएर जानुभयो भने पनि महानगरपालिकाले तिम्रो शिक्षादीक्षाका लागि हेर्छ । अदालतले जे आदेश दिन्छ हामीले त्यो मान्नुको विकल्प हुँदैन । अदालतले तिमीलाई पुरानै घरमा पठाउँदैन । तिम्रो बुवाआमासँग पठाउने हो । त्यसो भयो भने तिमी बुवाआमासँग घर जानुपर्छ है ।'

यतिबेला मैले बालिकाको उद्धार गरेपछिका घटना सम्झिएँ । जब हामीले बालिका उद्धार गर्‍यौं, महानगरपालिका विरुद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको मुद्दा पर्‍यो । अदालतले बालिकालाई उपस्थित गराउन भन्यो । पहिलो दिन हामी बालिका लिएर पुग्दा अदालत परिसरमा विपक्षका वकिलहरूको हुल थियो । त्यो हुलमा बालिकाका जैविक बाबु समेत थिए ।

भित्र पुगेपछि हामीले बालिकालाई सोध्यौं- 'आफ्नो बुवासँग तिमी किन नबोलेको ?' बालिकाले त्यहाँ मेरो ड्याडी हुनुहुन्थ्यो र ?' भन्दै उल्टै प्रश्न गरिन् ।

पछि हामीले उनका बुवालाई देखाएर पनि चिनाउन खोज्यौं । तर, उनले राम्रोसँग ठम्याउन सकिनन् । एउटी छोरीले आफ्नै अघिल्तिर भएका बाबु समेत चिन्न नपाएको पीडाले हाम्रो आँखा भरियो । विचरा, चिन्न पनि कसरी चिन्नु । ६ वर्षकै उमेरमा बाबुआमासँग छुट्याएर उनलाई लगिएको थियो । त्यसपछि उनले न भेट्न पाएकी थिइन्, न कुराकानी गर्न ।

हामी महानगरबाट पुनः अदालततिर लाग्यौं । ५ बजेर १० मिनेटमा हामी इजलास प्रवेश गर्दा त्यहाँ अर्कै बहस चलिरहेको थियो । शायद बैंकिङ कसुर सम्बन्धी हुनुपर्छ । हामी आदेशको प्रतीक्षामा थियौं । हाम्रो तर्फबाट मुद्दा लडिरहेका ओमप्रकाश अर्याल र पुनदेवी महर्जनले न्यायाधीश सुनिलकुमार पोखरेल र कुमार चुँडालको संयुक्त इजलास र न्यायाधीश सपना प्रधान मल्ल, डा. नहकुल सुवेदी र टेकप्रसाद ढुङ्गानाको पूर्ण इजलासमा शालीन ढङ्गबाट खरो र तार्किक बहस गरिसक्नुभएको थियो ।

पूर्ण इजलासमा त झन्डै झन्डै बहसको दिशा नै बदलिन लागेको थियो । सपना श्रीमानले बालबालिका सम्बन्धी काम गर्न महानगरले बनाएको कार्यविधिबारे प्रश्न माथि प्रश्न गर्न थाल्नुभयो । स्थानीय कानूनबारे हाम्रा अधिवक्ताहरू समेत सबै जानकार थिएनन् । यसले मलाई ऐंठन भइसकेको थियो । म अलि भावनामा बहकिएछु- 'मैले बोल्न मिल्दैन ?" मैले सानो श्वरमा बोलेको जस्तो लागेको थियो, तर सबैले सुनेछन् । ओम सरले पछाडि फर्किएर मिल्दैन भन्ने इशारा गर्नुभयो ।

सपना श्रीमानले पनि अधिवक्तामार्फत आफ्ना कुरा राख्नुस् भन्नुभयो । तर बहस सकिएपछि नहकुल श्रीमानले अघि को बोल्न खोज्नुभएको ? भनी सोध्नुभयो । महानगर पालिकाको तर्फबाट महानगर बाल अधिकार समितिका सदस्यले बालिकाको न्यायको लागि आफ्ना भनाइ राखिसक्नुभएको थियो । उहाँको बोल्ने शैलीले त्यहाँ सबैको ध्यान खिचेको थियो । म अत्यन्तै शान्त मुद्रामा इजलासभित्रको बेन्चको कुनापट्टि बसिरहेकी थिएँ । बहस सकिएपछि हामीलाई इजलासबाट बाहिर निस्कन भनियो । त्यसको झन्डै ४५ मिनेट जतिपछि करिब ६ बजेतिर हामीलाई इजलासभित्र पुनः बोलाइयो । निर्णय सुनाउँदा ६:३० भइसकेको थियो ।

सर्वोच्च अदालतका माननीय न्यायाधीश सपना प्रधान मल्ल, डा. नहकुल सुवेदी र टेकप्रसाद ढुङ्गानाको पूर्ण इजलासबाट आदेश प्रिन्ट भएर सपना प्रधान श्रीमानको हातमा थियो । त्यो हातमा

...बाँकी पृष्ठ ३ मा

# बैशाखबाट दोस्रो राष्ट्रिय आर्थिक गणना हुने



*अन्तरक्रियामा सहभागी सरोकारवाला निकायका प्रतिनिधि ।*

समाज संवाददाता

हेटौँडा : नेपाल सरकारले बैशाखबाट दोस्रो राष्ट्रिय आर्थिक गणना सुरु गर्ने भएको छ। बुधबार जिल्ला आर्थिक गणना कार्यालय मकवानपुरले सरोकारवालासँग अन्तरक्रिया गर्दै राष्ट्रिय आर्थिक गणनाबारे जानकारी दिएको हो ।

बैशाख २ गतेदेखि असार ७ गतेसम्म देशका सबै जिल्लाहरुमा एकैपटक सञ्चालनमा रहेका वस्तु उत्पादन तथा सेवा प्रदान गरी आर्थिक क्रियाकलापमा समावेश भएका प्रतिष्ठान तथा व्यावसायिक फर्म एवम् कम्पनीहरुको आर्थिक गणना हुने भएको हो । सरकारी प्रशासनिक कार्यालय बाहेकका सबै प्रतिष्ठानहरुमा आर्थिक गणना गरिने भएको कार्यालयले जनाएको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले आर्थिक गणनाले प्रभावकारी बजेट निर्माण गर्न, राष्ट्रिय रुपमा वा विभिन्न तहका सरकारहरुलाई विश्लेषणात्मक रुपले नीति तथा कार्यक्रमहरु निर्माण गर्न सहयोग पुग्ने भएकोले आर्थिक गणनालाई निरन्तरता दिइएको बताउनुभयो । आर्थिक गणनामा आधारित भएर बजेट तथा कार्यक्रमहरु निर्माण गर्दा वास्तविक अवस्था बुझिने हुँदा तथ्यपरक र प्रभावकारी बनाउन सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो । आर्थिक गणनामा आउने गणकहरुलाई सहयोग गर्न व्यवसायी तथा स्थानीय तह सबैलाई आग्रह गर्दै यस गणना गोप्यरुपमा हुने समेत स्पष्ट पार्नुभएको छ ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै जिल्ला आर्थिक गणना कार्यालयका सुपरीवेक्षक रुद्रबहादुर बोगटीले आर्थिक गणनाका लागि वस्तु तथा सेवा उत्पादन गर्ने औपचारिक तथा अनौपचारिक सबै प्रतिष्ठान ढुङ्गा, बालुवा तथा खनिज उत्खनन गर्ने व्यवसाय, फोहोरमैला व्यवस्थापन गर्ने संस्था, सूचना तथा सञ्चार व्यवसाय, बस्तु तथा सामानहरुको थोक तथा खुद्रा व्यवसाय, सेवा प्रदायक संस्था जस्तै लेखा परीक्षक, कानुनी सेवा, सेक्युरिटि सेवा लगायत कृषि फार्म, नर्सरी जस्ता सबै संस्थाहरुको आर्थिक विवरणहरु संकलन तथा विश्लेषण गरिने जानकारी दिनुभयो ।

जिल्लामा आर्थिक गणना सम्पन्न गर्नका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ११ सदस्यीय जिल्ला आर्थिक गणना समन्वय समिति रहेको छ । यस्तै स्थानीय तहको अध्यक्ष तथा प्रमुखको संयोजकत्वमा स्थानीय आर्थिक गणना समन्वय समिति र वडा अध्यक्षको संयोजकत्वमा आर्थिक गणना वडा समन्वय समिति रहने छन् । आर्थिक गणनाका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले मकवानपुरमा ५९ जना गणकहरु र ९ जना सुपरीवेक्षक नियुक्त गरिने पनि कार्यालयले जनाएको छ ।

आर्थिक गणकहरुका लागि विज्ञापन भई छनौटको प्रक्रियामा रहेको पनि कार्यालयले जनाएको छ । जिल्लामा खटिने ५९ जना गणकहरु मध्ये ३२ जना हेटौंडा उपमहानगर पालिकामा खटिनेछन् । थाहा नगर पालिकामा ५ जना, मनहरी गाउँपालिकामा ५ जना, बकैया गाउँपालिकामा ४ जना, बागमती र मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोवर, राक्सिराङ र भिमफेदी गाउँपालिकहरुमा २ जना र कैलाश गाउँपालिकामा १ जना आर्थिक गणक रहने समेत कार्यक्रममा जनाइएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, जिल्ला आर्थिक गणना कार्यालयका प्रमुख देवेन्द्रलाल कारञ्जित, शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख सुदिप गिरी, प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको उपस्थिति रहेको थियो । नेपालमा २०७५ सालमा पहिलोपटक आर्थिक गणना गरिएको थियो । अर्थतन्त्र मापनका लागि आर्थिक गणना नारासहित दोस्रोपटक राष्ट्रिय आर्थिक गणना हुन लागेको हो ।

# हेटौँडा र मनहरीमा बालश्रम अनुगमन

समाज संवाददाता

हेटौँडा : श्रम तथा रोजगार कार्यालय, हेटौँडा उपमहानगरपालिका, मनहरी गाउँपालिका, नेपाल प्रहरी, नगर प्रहरी र बाल हेल्पलाइन १०९८ को संयुक्त टोलीले हेटौँडा र मनहरीका विभिन्न स्थानमा बालश्रम अनुगमन गरेको छ। मनहरी गाउँपालिका-६, लोथरका १३ वटा होटलमा अनुगमन तथा निरीक्षण गरिएको थियो ।

अनुगमनका क्रममा बालबालिका श्रम रहेको नपाइएको र व्यवसायीहरु बालश्रम दुरुपयोगको विषयमा जानकार रहेको पाइएको अनुगमन टोलीले बताएको छ । बालबालिकालाई श्रममा नभई शिक्षालय पठाउनु पर्छ भन्ने विषयमा सचेत रहेको, यदि बालश्रम लगायमा कानुनी दायरमा आउनु पर्ने विषयमा आफु जानकार रहेको बताए भने मनहरी बजारमा ८ वटा होटलमा अनुगमन तथा निरीक्षणको क्रममा ३ जना बालश्रमिक फेला परेका छन् । बालश्रमिक फेला परेका होटलहरुमा जीवन होटलमा वर्ष ११ को बालिका, गुरुङ कोल्डस्टोरमा १५ वर्षको बालक, सुहिम होटलमा १३ वर्षीय बालक अनुगमन तथा निरीक्षणको क्रममा बालश्रम गरिरहेको अवस्थामा फेला पारिएको बालहेल्पलाइन १०९८ मकवानपुरका प्रवन्ध झबिन्द्र ज्ञवालीले जानकारी दिए ।

गुरुङ कोल्डस्टोरमा १५ वर्षको बालकको आमा पनि सोहि स्थानमा काम गर्ने र बालकले कक्षा ६ मा पढिरहेको र आमाले आइन्दा श्रममा नराख्ने प्रतिवद्धता गर्नुभएकोले बालक आमालाई जिम्मा लगाइएको जनाएको छ । सुहिम होटलमा कार्यरत १३ वर्षीय बालकलाई भने तत्काल परिवारलाई बोलाई जिम्मा लगाउन र जीवन होटलमा कार्यरत वर्ष ११ को बालिकालाई उद्दार गरी कानुनी कारवाहि अगाडि बढाउन संरक्षणको लागि बालहेल्पलाइनमा पठाइएको श्रम तथा रोजगार कार्यालयको प्रतिनिधि शर्मिला राईले बताउनु भयो ।

सुहिम होटलमा कार्यरत १३ वर्षीय बालकको सन्दर्भमा कानुनी कारवाहीका लागि श्रम तथा रोजगार कार्यालयले सम्बन्धित ब्यवसायलाइ सम्पर्कमा ल्याउने बताइएको छ । मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, बालकल्याण अधिकारी शैलेश बासकोटा, नगर प्रहरी, नेपाल प्रहरी, बालहेल्पलाइनका प्रबन्धक झबिन्द्र ज्ञवाली, श्रम तथा रोजगार कार्यालयका प्रतिनिधि शर्मिला राईको संयुक्त टोलीले मनहरीमा अनुगमन गरेको थियो । मनहरी बजारमा जम्मा ३ जना बालश्रमिक र लोथर बजारमा एक जना पनि बालश्रमिक नभेटिनु निकै सकरात्मक कुरा भएको बताउनु हुदै उपाध्यक्ष सीता पुलामी मगरले मनहरीमा बालश्रमको विगतका तुलनामा बालश्रम निकै कम भएको बताउनु भयो ।

त्यसैगरी बालश्रम अनुगमनका क्रममा श्रम तथा रोजगार कार्यालयका प्रमुख रुद्र नारायण साह, हेटौंडा उपमहानगरपालिका महिला तथा बालबालिका शाखाबाट निर्मला दाहाल, बालहेल्पलाइनबाट झबिन्द्र ज्ञवालीको संयुक्त टोलीले हेटौंडा वार्ड न १० का ग्यारेज तथा फर्निचर पसलहरुमा अनुगमन गरेकोमा बालश्रमिकहरु फेला नपरेको श्रम तथा रोजगार कार्यालयका प्रमुख रुद्रनारायण साहले जानकारी दिनुभयो ।

## सांसदको घरबाट...

भएको निर्णयको पानामा के लेखिएको छ ? भन्ने सुन्न त्यहाँ भएका सबै व्यक्ति आतुर थिए । सपना प्रधान मल्ल श्रीमानले आदेश पढ्न सुरु गर्नुभयो- सुरुका केही हरफहरू बालबालिका सम्बन्धी ऐनसँग सम्बन्धित रहेका थिए । ती प्रावधानहरु केवल यो बन्दी प्रत्यक्षीकरणको मुद्दा हो या होइन ? भन्नेमा केन्द्रित थिए र सुरुको हर फले नै बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरिदियो । त्यसपछि कुरा आयो, बालिका कोसँग रहने ?

एकपछि अर्को गर्दै महानगरपालिकाका कमी-कमजोरी औंल्याइयो । कानूनी छिद्रताहरूका माध्यमबाट महानगरपालिकाले चुकाएका स्थानहरूको पहिचान गर्दै महानगरपालिकाले उठाएको कदममाथि समेत केही प्रश्नहरू राख्दै सपना श्रीमानले आदेश वाचन गर्नुभयो ।

लगभग आश मरिसकेको थियो, किनकि संस्था वा कोही व्यक्तिसँग पठाउन उचित नहुने र बुवाआमाले बालिकालाई आफू साथैमा राख्ने इच्छा र प्रतिबद्धता रहेको भन्दै रिट निवेदक बालिकाका बाबु र आमालाई रजिस्ट्रारको रोहबरमा बालिका जिम्मा लगाइदिनु भन्ने आदेश भयो ।

हामी सबैजना एकअर्कालाई हेर्दै निराश भयौं । म त फत्रक्कै गलें । सपना श्रीमानले जब 'तथापि' भन्ने शब्द उच्चारण गर्नुभयो, सबैका कान ठाडा भए । बालिकाले काठमाडौंमै रहेर पढ्ने इच्छा व्यक्त गरेकाले निज बालिका बालिग नरहेसम्म काठमाडौं महानगरपालिकाले बालिकाको पालनपोषण र पढाइको सम्पूर्ण जिम्मेवारी गर्नुपर्ने भन्ने परमादेश जारी भयो । हामीमा आशा पलायो ।

हामी पहिले त बाबुआमाकै जिम्मामा पठाए पनि हाम्रै जिम्मामा आउने भनेर अदालतको फैसलालाई कार्यान्वयन गराउने पक्षमा थियौं । उतापट्टि खुसी अर्कै कुराको भन्ने बुझियो । हामीले बालिकालाई यही कुरा बुझाएका थियौं तर बालिका कुनै पनि हालतमा नजाने जिद्दी गरिरहेकी थिइन । त्यहाँ बस्दै गर्दा बालिकालाई आज कहाँ लैजानुहुन्छ ? भनेर मैले उनकी फुपूलाई सोधें। फुपूले उनै सांसद रेखाकुमारी शर्माको घरमा लैजाने बताएपछि माहोल बिग्रियो । हामी कुनै पनि हालतमा बालिकालाई थप जोखिममा पर्न दिनुहुँदैन भन्ने पक्षमा थियौं । रजिस्टार विमल पौडेलको कक्षमा गयौं, केहीबेर छलफल भयो । त्यहाँ मैले पनि आफ्नो कुरा राखें । बालिकालाई बुबाआमाकै जिम्मा लगाउँदा बालिका हिंसामा परेको भन्ने अर्को उजुरीमा होस्टाइल हुन सक्ने चान्स छ भनें । त्यसमा फुपूले विरोध जनाएपछि केहीबेर वादविवाद चल्यो । अन्तिममा रजिस्टारले बालिकालाई तिमी कहाँ जाने नानी भनेर सोध्नुभयो । उनले बुवाआमासँग जाने कुनै इच्छा व्यक्त गरिनन् । हामीले पनि बालिका ढुक्कै हामीसँग जान्छिन् भन्ने सुनिश्चितता दिलायौं ।

*(भट्ट, काठमाडौं महानगरपालिकाको महानगर बालअधिकार समितिको सदस्य तथा बाल उद्धार टोली सदस्य हुन् । स्रोत: अनलाईनखबर)*

# चैत २२ देखि मतदाता नामावली संकलन तथा अद्यावधिक हुने

काठमाडौं : निर्वाचन आयोगले यही चैत २२ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने भएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ घोषणा भएपछि आयोगले गत मङ्सिर ६ गतेदेखि उक्त कार्य स्थगन गरेको थियो । राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्नसक्ने व्यवस्था मिलाइएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएका नेपाली नागरिकको हकमा आयोगको आयोगको प्रणालीमार्फत अनलाइन फारम भरी आफ्नो फोटो तथा औँठाछापसहितको जैविक विवरण दिन प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा उपस्थित हुनुपर्नेछ । मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइँको विवरण अद्यावधिक गर्नेलगायतका कामसमेत अनलाइन माध्यमबाट गर्न सकिने आयोगद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ ।

*रासस/अनलाइनखबर ।*

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल
## राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सर को सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## रोजगारीको अवसर

हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

**सम्पर्क : ९८२१-२५९३९३**

## शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/१८)*

यस श्री श्रमिक माध्यमिक विद्यालय हेटौंडा-४, कर्रामा अंग्रेजी माध्यमतर्फ अध्यापनका लागि तपसिल बमोजिमको निजीस्रोत करार शिक्षक आवश्यक भएकाले इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र.सं | पद/तह | वि.न. | संख्या | विषय | न्यूनतम शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक/आधारभूत तह (प्राथमिक) | ०५/२०८२ | १ | अंग्रेजी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी विषयमा १२ कक्षा वा सो सरह उत्तीर्ण | |
| २ | शिक्षक/आधारभूत तह (प्राथमिक) | ०६/२०८२ | १ | विज्ञान/गणित | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान/गणित विषयमा १२ कक्षा वा सो सरह उत्तीर्ण | |

**आवश्यक अन्य योग्यता:**
१. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२. सेवा सुविधा : विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार ।
३. आवेदन फारम दस्तुर : रु. १,०००/- (एक हजार रुपैयाँ) ।
४. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यकताअनुसार प्रयोगात्मक/कक्षा अवलोकन ।
५. आवेदन फारम बुझाउने अन्तिम मिति: २०८३/०१/०२ गते, दिउँसो ४:०० बजेसम्म ।
६. सम्पर्क मिति: २०८३/०१/०३ गते बिहान १०:०० बजे ।
७. परीक्षा मिति: सम्पर्क मितिमा जानकारी दिइनेछ ।
८. ग्राह्यता: अनुभवी र माथिल्लो तहको शैक्षिक योग्यता भएको ।

**आवश्यक कागजात**: हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिम प्रमाणपत्रको प्रतिलिपि ।

**नोट**: नेपाल बैंक लिमिटेड, सिटी अफिस हेटौंडामा रहेको श्री श्रमिक माध्यमिक विद्यालयको चल्ती खाता नं. ०२५००१००४४०८९९००००१ मा आवेदन दस्तुर बुझाएको रसिद संलग्न गरी इमेलबाट पनि आवेदन दिन सकिनेछ ।

**थप जानकारीका लागि सम्पर्क:**
**मोबाइल नं: ९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५**
**इमेल:** shramik.2022@gmail.com

**श्री श्रमिक माध्यमिक विद्यालय**
**हेटौंडा, मकवानपुर**

## मकवानपुर उद्योग वाणिज्य संघ

चेम्बर मार्ग, हेटौंडा-२

श्री सदस्य महानुभावज्यू,

यस मकवानपुर उद्योग वाणिज्य संघको २०८२ फागुन १५ गतेको कार्यसमिति बैठकको निर्णयानुसार यही मिति २०८२ चैत्र २१ गते शनिबारका दिन पल्पसा सदन, हेटौंडा-२ मा हुने ५९औं वार्षिक साधारण सभाको सुअवसरमा अनिवार्य सहभागिताको लागि हार्दिक अनुरोध गर्दछु ।

**निम्नलिखित विषयहरू जानकारीसमेत गराउादछु:-**
क) सभामा पेश गर्नुपर्ने संस्थागत प्रस्ताव भएमा २०८२ चैत्र १८ गतेसम्ममा संघमा दर्ता गराइसक्नु पर्नेछ ।
ख) प्रतिनिधि नियुक्ती वा फेरवदल गर्नुपरेमा २०८२ चैत्र १४ गतेसम्ममा विधान बमोजिम प्रक्रिया पुरागरी आवश्यक प्रमाणहरु उपलब्ध गराउनु पर्नेछ ।

**५९ औं वार्षिक साधारण सभाका कार्यक्रमहरू:**
२०८२ चैत्र २१ गते पहिलो सत्र सुभारम्भ हुनेछ ।
क) रजिष्ट्रेशन : विहान ८:०० बजेदेखि हुनेछ ।
ख) उद्घाटन समारोह : विहान १०:३० बजेदेखि हुनेछ ।

**दोस्रो सत्र : ५९ औं वार्षिक साधारण सभाको दोस्रो सत्र सुरू:**
उपस्थिति समय दिनको २:३० बजेदेखि हुने ।
क) महासचिवबाट प्रस्तुत वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
ख) कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०८१/८२ को आयव्यय तथा वासलात हिसाब र २०८२/८३ को अनुमानित बजेट पारित गर्ने सम्बन्धमा ।
ग) विधान संशोधन समिति गठन सम्बन्धमा ।
घ) पल्पसा सदन सम्बन्धमा ।
ङ) लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
च) माइन्युट प्रमाणित गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।

**(नोट**: प्रगति प्रतिवेदन र लेखा प्रतिवेदन डिजिटल माध्यम तथा संघको वेभसाइट (www.mcci.org.np) मा उपलब्ध हुनेछ ।

**प्रतिमा श्रेष्ठ**
**महासचिव**

"श्रमिक मा.वि.को इच्छा, गुणस्तरीय शिक्षा"

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**शैक्षिक सत्र २०८३ का लागि भर्ना खुल्यो**

यस विद्यालयमा अँग्रेजी माध्यमको Play Group देखि Class 9 र नेपाली माध्यमको कक्षा १ देखि ९ सम्म भर्ना खुल्यो ।

भर्ना फारम वितरण मिति : २०८२ चैत २२ गतेबाट
नयाँ विद्यार्थी भर्ना मिति : २०८३ वैशाख ६ गतेबाट
प्रवेश परीक्षा मिति : २०८३ वैशाख ५ गते
कक्षा सञ्चालन मिति : २०८३ वैशाख ६ गतेबाट

**हाम्रो बिशेषताहरू :**
- कक्षा ९ र १० मा Smart Board मार्फत पठन-पाठनको व्यवस्था
- अधिकांश कक्षामा Projector सहितको Audio-Visual Class को व्यवस्था
- PG कक्षाका बालबालिकाको हेरचाहका लागि आयाको व्यवस्था
- पर्याप्त Indoor खेल सामग्रीसहित सार्वजनिक बिदामा पनि PG, Nursery, LKG, UKG, 1 र 2 कक्षा सञ्चालनको व्यवस्था
- नेपाली र अङ्ग्रेजी माध्यमको लागि छुट्टै भवनको व्यवस्था
- वर्षे बिदामा समेत पठनपाठन गरी कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था
- क्यान्टिनको व्यवस्थासहित कक्षा ५ सम्म नि:शुल्क दिवा खाजाको व्यवस्था
- दक्ष एवम् तालिम प्राप्त शिक्षकबाट पूर्ण अङ्ग्रेजी माध्यममा पठनपाठनको व्यवस्था
- PG र Nursery कक्षाका विद्यार्थीको गतिविधि CCTV मार्फत् अभिभावकले घरबाटै निगरानी गर्ने व्यवस्था
- प्रत्येक कक्षामा Homework Board को व्यवस्था र Homework Board को फोटो Messenger Group मा पठाईने व्यवस्था ।
- अन्य कक्षामा पनि CCTV मार्फत नियमित अनुगमनको व्यवस्था
- पर्याप्त तथा स्तरीय खेलमैदान, खेल सामग्रीसहित खेलकुद प्रतियोगिताको व्यवस्था
- प्रत्येक शुक्रबार साप्ताहिक परीक्षाको व्यवस्था
- साप्ताहिक, त्रैमासिक परीक्षाको उत्तरपुस्तिका विद्यार्थी, अभिभावकले हेर्न पाउने व्यवस्था
- नियमित अतिरिक्त क्रियाकलापसहित उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको व्यवस्था
- विद्यार्थीलाई Home-work डायरी र वार्षिक कार्ययोजनासहितको क्यालेण्डरको व्यवस्था
- प्रशिक्षकसहितको नृत्य कक्षाको व्यवस्था/शान्त तथा बालमैत्री वातावरणमा अध्ययन अध्यापनको व्यवस्था
- शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल
- विद्यालय हातामा मनोरम पार्क तथा फूलबारीको व्यवस्था
- स्तरीय Science Lab. Computer Lab. र पर्याप्त पुस्तकसहितको पुस्तकालयको व्यवस्था

अंग्रेजी माध्यमतर्फ नयाँ भर्ना गर्न सकिने कक्षागत विद्यार्थी संख्या

| कक्षा | संख्या |
|---|---|
| P.G. (पिजी) | २० जना |
| Nursery | ५ जना |
| LKG | १ जना |
| UKG | ४ जना |
| 1 | ५ जना |
| 2 | १ जना |
| 3 | ५ जना |
| 4 | १५ जना |
| 5 | १५ जना |
| 6 | १४ जना |
| 7 | १३ जना |
| 8 | १६ जना |
| 9 | १५ जना |

**श्री श्रमिक माध्यमिक विद्यालय**
हेटौंडा-४, कर्रा, स्थापित: २०२२
थप जानकारीका लागि सम्पर्क :
९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५

## क्याटलग/ब्रोसर सपिङ् विधिबाट सवारी साधन खरिद सम्बन्धी
## प्रस्ताव आव्हान्को सूचना

*(प्रथम पटक प्रकाशन मिति : २०८२/१२/१९)*

यस संस्थाको लागी देहाय बमोजिमको सवारी साधन खरिद गर्नको लागि आधिकारीक प्राविधिक स्पेसिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको बिवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन १२ बजेसम्म यस कार्यालयमा छुट्टाछुट्टै निवेदन दर्ता गराउन आव्हान गरिएको छ । दर्ता गरिएका सिलबन्दी प्रस्ताबहरु सोही दिनको १:०० बजे खोलिने छ । पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | साधनको नाम | संक्षिप्त बिवरण | कैफियत |
|---|---|---|---|---|
| | ०१/२०८२/०८३ | बस | Diesel Engine, developing maximum rated power output not less than 80ps & maximum torque not less than 240 NM at governed RPM. | संक्षिप्त बिवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेसिफिकेशन बमोजिम हुनेछ । |

**सम्पर्क :९८५५०८७३६६, ९८५५०२८३६६**

**श्री भानु माध्यमिक विद्यालयल**
**मकवानपुरगढी, मकवानपुर**

## प्रधानमन्त्री कप क्रिकेट

# सन्दिप एक्लैले ७ विकेट लिएपछि बागमती विजयी



प्लेयर अफ द म्याच सन्दिप लामिछानेलाई ट्रफी हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडा : प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत बुधबार भएको खेलमा बागमती प्रदेशले कर्णाली प्रदेशलाई पराजित गरेको छ । जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा बागमती प्रदेशका कप्तान सन्दिप लामिछानेले उत्कृष्ट बलिङ गर्दै ७ विकेट लिँदा बागमती प्रदेश ६० रनले विजयी भएको हो ।

सुरुमा टस हारेर ब्याटिङको निम्तो पाएका बागमती प्रदेशले कर्णाली प्रदेशलाई १८१ रनको लक्ष्य दिएको थियो । बागमतीका लागि विवेक राना मगरले सर्वाधिक ५६ रन बनाए । ईशान पाण्डेले २७ रन, पवन बहादुर थापाले २२ रन, शुभ कंसाकारले २० रन र शिवम् तिवारीले १८ रनका योगदान गरे । बागमतीका अन्य ब्याटरले भने दोहोरो अंकमा पनि रन जोडन सकेनन् । कर्णाली प्रदेशका कप्तान दिवान पुनले ३ विकेट, प्रकाश जैसी, दिपेन्द्र रावत र निश्चल रावलले समान २/२ विकेट लिए ।

लक्ष्य पछ्याइरहेको कर्णाली प्रदेश १२० रनमै रोकियो । कर्णाली प्रदेश २५ ओभर १ बलमा १२० रनमा अलआउट हुन पुग्यो । कर्णालीका लागि निश्चल रावलले सर्वाधिक ३१ रन र दिनेश अधिकारीले २२ रन बनाए भने अन्य ब्याटरहरुले राम्रो प्रदर्शन गर्न सकेनन् । बागमतीका कप्तान लामिछानेले ७ विकेट लिँदा प्रतिश जिसी, रिजन ढकाल र सुवास खत्रीले समान १/१ विकेट लिए ।

यस्तै बुधबार वीरगंजमा भएको अर्को खेलमा लुम्बिनी प्रदेशले विभागीय टोली नेपाल एपीएफ क्लबलाई पराजित गरेको छ । वीरगंजको नारायणी रंगशालामा भएको खेलमा लुम्बिनीले एपीएफ क्लबलाई सुपर ओभरमा पराजित गरेको हो । टस जितेर ब्याटिङ गरेको एपीएफ क्लब ३९ ओभर ४ बलमा १२४ रनमा अलआउट हुँदै लुम्बिनीलाई १२५ रनको लक्ष्य दिएको थियो । एपीएफका लागि अभिषेक गौतमले २८ रन र दिपक बोहराले २० रन बनाए । लुम्बिनीका अजय चौहानले ४ विकेट, सन्तोष यादवले ३ विकेट र निर्मल गुरुङले २ विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको लुम्बिनी प्रदेश पनि ३४ ओभरमा समान १२४ रनमा अलआउट हुँदा खेल सुपर ओभरमा पुगेको थियो । लुम्बिनीका लागि कप्तान देव खनालले ४५ रन र आकाश त्रिपाठीले ३२ रन बनाउँदा एपीएफका कप्तान रोहित कुमार पौडेलले ३ विकेट लिएका थिए । यस्तै एपीएफका युवराज खत्री, भुवन कार्की र अभिशेष गौतमले २ विकेट लिए ।

सुपर ओभरमा एपीएफ क्लब लुम्बिनीसँग ८ रनले पराजित भएको छ । सुपर ओभरमा लुम्बिनीले सुरुमा १ विकेट गुमाएर १४ रन बनाउँदा एपीएफले समान १ विकेट गुमाएर ६ रन मात्रै बनाउन सक्यो । १० वटा टोली सम्मिलित जारी प्रतियोगितामा ५ खेलबाट ५ अंक जोडेको लुम्बिनी प्रदेश अंक तालिकाको पाँचौं स्थानमा छ भने समान खेलबाट ४ अंकसहित बागमती प्रदेश छैठौं, ३ अंकसहित कर्णाली सातौं र ३ अंकसहित विभागीय टोली एपीफ क्लब पुच्छारबाट दोस्रो स्थानमा रहेको छ ।

# हेटौँडा फुटबल एकेडेमीले मेयर गोल्डकप खेल्ने

समाज संवाददाता

हेटौँडा : हेटौँडा फुटबल एकेडेमी नवौं गोलबजार मेयर गोल्ड कप-२०८२ खेल्ने भएको छ । सिरहा जिल्लाको गोलबजार नगरपालिकाको आयोजनामा प्रतियोगिता आउँदो सोमबारदेखि सुरु हुनेछ ।

हेटौँडा फुटबल एकेडेमीले प्रतियोगिताको उद्घाटन खेलमा आउँदो सोमबार सुनसरीको राष्ट्रिय जागृति क्लबसँग खेल्नेछ । प्रतियोगिता नटआउट प्रणालीमा सञ्चालन हुनेछ । प्रतियोगितामा झापाको चात्या सा फुटबल क्लब, मोरङको लालीगुराँस स्पोर्टिङ क्लब, उदयपुरको ब्रदरहुड फुटबल क्लब र सिरहाको ३ वटा (सल्हेश युवा क्लब, गोलबजार स्पोर्टस क्लब र गोलबजार युनाईटेड क्लब) गरी ८ वटा टोलीको सहभागिता रहनेछ । प्रतियोगिताको फाइनल खेल चैत २९ गते हुनेछ ।

# ट्याङ्करको ठक्करबाट चन्दनको मृत्यु

समाज संवाददाता

हेटौँडा : मुग्लिन-काठमाडौं पृथ्वी राजमार्गअन्तर्गत धादिङ जिल्लाको गल्छी गाउँपालिका-४, मास्टरमा तेल ट्याङ्कर र मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । मंगलबार दिउँसो ४ बजेको समयमा काठमाडौंबाट बारातर्फ जाँदै गरेको ना ५ ख १५९२ नम्बरको खाली तेल ट्याङ्कर र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश ०३-०२-०१३ च ३९६२ नम्बरको मोटरसाइकल ठोक्किँदा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक नवलपरासी जिल्लाको त्रिवेणी गाउँपालिका-७ का ३५ वर्षीय सनी रौनियार र पछाडि सवार नवलपरासी रानीनगर गाउँपालिका-६ का ४० वर्षीय चन्दन रौनियार घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि काठमाडौंको ललितपुरस्थित बी एण्ड बी अस्पताल लगिएको थियो । उपचारका क्रममा पछाडी सवार चन्दनको साँझ ६ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । सनीलाई प्रारम्भिक उपचारपछि डिस्चार्ज गरिएको छ । ट्याङ्कर चालक बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-२२ का २४ वर्षीय रमित थोकरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# भीमफेदीमा प्रहरीको नागरिक सुनुवाई

समाज संवाददाता

हेटौँडा : मकवानपुरको भीमफेदी गाउँपालिकामा सुरक्षा निकाय र स्थानीय नागरिकबीच प्रत्यक्ष संवाद गर्ने उद्देश्यका साथ 'नागरिक सुनुवाई कार्यक्रम' सम्पन्न भएको छ । इलाका प्रहरी कार्यालय भीमफेदी र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको संयुक्त आयोजनामा चैत्र १७ गते भीमफेदीमा सो कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमको अध्यक्षता इलाका प्रहरी कार्यालय भीमफेदीकी प्रहरी निरीक्षक (इन्सपेक्टर) सन्त श्रेष्ठले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथिको रूपमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एस.एस.पी.) श्याम बहादुर क्षेत्री रहनुभएको थियो । कार्यक्रममा सुरक्षा निकाय र स्थानीय प्रशासनका तर्फबाट निम्न व्यक्तित्वहरुको विशेष आतिथ्य रहेको थियो । जिल्ला ट्राफिक प्रहरी कार्यालयका डीएसपी, भीमफेदी कारागारका प्रमुख, सशस्त्र प्रहरी बल (कारागार सुरक्षा) का डी.एस.पी., भीमफेदी गाउँपालिकाकी उपाध्यक्ष, प्राथमिक स्वास्थ्य केन्द्र भीमफेदीका प्रमुख डा. प्रविण पाठक, स्थानीय वडाअध्यक्षहरु उपस्थित रहेको थियो ।

कार्यक्रममा भीमफेदी क्षेत्रका सक्रिय राजनीतिक दलका प्रतिनिधि, उत्साहजनक संख्यामा युवा वर्ग, स्थानीय व्यापारी, बुद्धिजीवी, सञ्चारकर्मी, शिक्षक, किसान तथा महिला अधिकारकर्मीहरुको सहभागिता रहेको थियो । सहभागी स्थानीयले भीमफेदीको शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन र प्रहरी सेवाका बारेमा आफ्ना जिज्ञासा र गुनासाहरू राखेका थिए । मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्याम बहादुर क्षेत्रीले नागरिक र प्रहरी एक-अर्काका परिपूरक भएको बताउनुभयो । उहाँले अपराध नियन्त्रण र समाजमा शान्ति स्थापनाका लागि नागरिकको सूचना र सहयोग अपरिहार्य रहेको चर्चा गर्नुभयो । यस्तै, ट्राफिक प्रहरीका तर्फबाट बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक सुझावहरू दिइएको थियो ।

इलाका प्रहरी कार्यालय भीमफेदीका इन्सपेक्टर सन्त श्रेष्ठले नागरिकबाट आएका सुझावहरूलाई आत्मसाथ गर्दै प्रहरी सेवालाई अझ बढी पारदर्शी र नागरिकमैत्री बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । रंगीचंगी बेलुन र ब्यानरले सजाइएको मञ्चमा आयोजित यस कार्यक्रमले भीमफेदीमा सुरक्षा निकाय र स्थानीय समुदायबीचको दुरी कम गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास स्थानीयले लिएका छन् ।

# गाँजासहित भीमफेदीकी सुन्तली पक्राउ



प्रहरीले नियन्त्रणमा लिएको मोटरसाइकल र बरामद भएको लागूऔषध गाँजा ।

समाज संवाददाता

हेटौँडा : अवैध लागूऔषध गाँजासहित ललितपुरको बागमती गाउँपालिका-३, भट्टेडाँडाबाट मकवानपुरको भीमफेदी गाउँपालिका-४ की ३७ वर्षीया सुन्तली तामाङ पक्राउ परेकी छिन् । ललितपुर प्रहरीले सुन्तली र काभ्रे जिल्लाको रोशी गाउँपालिका-१ का ३० वर्षीय सुमन तामाङलाई पनि पक्राउ गरेको छ । हेटौँडाबाट कान्ति लोकपथ हुँदै बा ८६ प ४००९ नम्बरको मोटरसाईकलमा ललितपुरतर्फ जाँदै गरेका सुन्तली र सुमनको साथबाट प्रहरीले ७ केजी ५२४ ग्राम गाँजा बरामद गरेको छ । प्रहरीले बरामद भएको लागूऔषध र मोटरसाइकल नियन्त्रणमा लिई सुन्तली र सुमनलाई हिरासतमै राखी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# सहकारी दिवसको अवसरमा ३४ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडा : ६९ औं राष्ट्रिय सहकारी दिवस-२०८२ को अवसरमा बुधबार हेटौँडामा रक्तदान कार्यक्रम भएको छ । राष्ट्रिय सहकारी दिवस मूल समारोह समिति २०८२ को आयोजनामा भएको रक्तदान कार्यक्रममा ३४ जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रममा ९ महिला र २५ जना पुरुषले रक्तदान गरेका हुन् ।

६९ औं राष्ट्रिय सहकारी दिवस-२०८२ मूल समारोह समित संयोजक नारायण प्रसाद देवकोटाको अध्यक्षता तथा बागमती प्रदेश सहकारी तथा गरिबीनिवारण मन्त्रालय हेटौँडाका महाशाखा प्रमुख उमेश कुमार दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । रक्तदान कार्यक्रम जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, कृषि सहकारी संघ मकवानपुर, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक हेटौँडा शाखा र नेफ्स्कुन फिल्ड कार्यालय हेटौँडाको सहकार्यमा भएको थियो ।

कार्यक्रममा बागमती प्रदेश सहकारी संघका सञ्चालक रामहरि न्यौपाने, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि प्रसाद कंडेल, राष्ट्रिय सहकारी बैंक हेटौँडाका प्रमुख समीर श्रेष्ठ, नेप्स्कुन फिल्ड कार्यालय हेटौँडाको प्रमुख ज्योति महत लगायतको आतिथ्यता रहेको थियो । रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुरका रक्तसञ्चार केन्द्रका प्रमुख टंक दाहाल र प्राविधिकहरुले प्राविधिक सहयोग गरेका थिए । 'उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता' भन्ने नाराका सहकारी दिवस मनाईदै छ । सहकारी दिवसको अवसरमा चैत्र १९ गते सहकारी संरक्षण, समृद्धनमा अभियान र नियमकीय भूमिका बिषयक अन्तरसंवाद कार्यक्रमको गरिने आयोजक समितिले जनाएको छ ।

# हेटौँडामा महिलामैत्री पार्क बन्दै


महिलामैत्री पार्क निर्माणका लागि शिलान्यास गर्नुहुँदै नगरप्रमुख लामा ।

समाज संवाददाता

हेटौँडा : हेटौँडामा महिलामैत्री पार्क बन्दैछ । हेटौँडा-८ मा रहेको चिल्ड्रेन पार्क क्षेत्रमा महिलामैत्री पार्क निर्माण हुन लागेको वडाध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो । हेटौँडा उपमहानगरपालिकाको स्वामित्वमा रहेको ११ कठ्ठा जग्गामा पार्क निर्माण हुँदैछ । सोमबार नगरप्रमुख मिना कुमारी लामाले पार्कको शिलान्यास गर्नुभयो ।

२०८३ असोजसम्ममा निर्माण सक्नेगरी पार्क निर्माणका लागि ३ करोड ५ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको छ । वडाध्यक्ष थापाका अनुसार हेटौँडा उपमहानगरपालिकाको ३० प्रतिशत र संयुक्त राष्ट्रसंघीय परियोजना सेवा कार्यालय (युएनओपिएस) को ७० प्रतिशत लगानीमा पार्क निर्माण हुँदैछ । महिलाहरुको सुरक्षित, सम्मानजनक र सशक्त सभागितालाई प्रवर्द्धन गर्ने उद्देश्यले महिलामैत्री पार्क निर्माण गर्न लागिएको वडाध्यक्ष थापाले बताउनुभयो । महिलामैत्री पार्कमा महिलाहरुका लागि विश्राम, मनोरञ्जन तथा सामुदायिक गतिविधि केन्द्रका रुपमा विकास हुने विश्वास लिइएको छ ।

# दोलखामा डुबेर एक पुरुषको मृत्यु

समाज संवाददाता

हेटौँडा : दोलखा जिल्लाको तामाकोशी गाउँपालिका-५, किर्नेटारस्थित हिमाल हाइड्रो नजिक चरिकोट-मन्थली सडकखण्डमा खनिएको खाल्डोको पानीमा डुबेर एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ओखलढुंगा जिल्ला घर भई हाल हिमाल पावर लिमिटेडमा चालकको रूपमा कार्यरत ५२ वर्षीय लोक बहादुर बोगटी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार बोगटी सडक विस्तारका लागि खनिएको खाल्डोमा जमेको पानीमा उनी घोप्टो परेको अवस्थामा फेला परेको प्रहरीले जनाइएको छ । मुचुल्का पश्चात शव पोस्टमार्टमका लागि काठमाडौंस्थित शिक्षण अस्पताल पठाइएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

# चट्याङ लागेर अजयको मृत्यु

समाज संवाददाता

हेटौँडा : मंगलबार साँझ हावाहुरीसँगै परेको चट्याङ लागेर मकवानपुरको बागमती गाउँपालिका-१, भैंसेका ३२ वर्षीय अजय पहरीको मृत्यु भएको छ । स्थानीय बागमती खोलामा माछा मारेर फर्कँदै गर्दा मंगलवार साँझ साढे ६ बजे अजय र ३७ वर्षीय उज्वल थोकरलाई चट्याङ लागेको थियो । चट्याङ लागेर गम्भीर घाइते भएका अजयलाई उपचारका लागि हेटौँडा अस्पताल पठाइएको थियो । अजयको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । चट्याङ लागेर घाइते भएका उज्वलको हेटौँडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

सम्पादक

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

- पन्चतत्व सन्तुलित राख्न,
- वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

- वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशुल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**

## हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौँडा रिफरेन्स ल्याबरोटरी**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ